# परिवर्तित अवस्थामा बालसहभागिता: अवस्था र चुनौतिहरु



*तारक धिताल*
[dhitaltarak@gmail.com](mailto:dhitaltarak@gmail.com)
☎ *9851049887*

# छलफल किन?

भए बालसहभागिताका कुरा धेरै,

परिणाम पनि देख्या'छ है राम्रै राम्रै,

तर, व्यवस्थित गर्न र

सीप बढाउन भने बाँकी नै छ धेरै

# ‘परिवर्तित अवस्था’ अर्थात केमा परिवर्तन भयो ?




TARAK DHITAL, dhitaltarak@gmail.com

# 'परिवर्तित अवस्था' किन? वा के परिवर्तन भयो ?

शासन व्यवस्था

संघीयता

पुराना संरचना

नयाँ संरचना

लथालिङ्ग

भताभुङ्ग



**बालसहभागिता:**

**संविधानमा नै मौलिक हकमा दरियो**

**व्यवहार भने झन् झन् खस्किन लाग्यो ?!**



# कोभिड १९ महामारी

- भय, डरत्रास, आर्थिक संकट, मानसिक समस्या...
- घर भित्रै सिमित
- विद्यालय बन्द
- अनलाइनमा पहुँच वृद्दि
- **सबैलाई पन्छाउने बहाना**

# नव मिडिया: अनियन्त्रित 'आवश्यकता'को लहर

# चेतना स्तर र पहुँच: अभिवृद्दि Vs न्यून

**इन्टरनेट, सामाजिक संजालको अधिक प्रयोग, प्रभाव**

थुप्रै क्षेत्र,
समुदाय

पिछडिएका,
सीमान्तकृत
क्षेत्र, समुदाय,
परिवार

# उपस्थिति ?

उपयोग ? अह्राएको गर्ने ?

मनमा लागेको भन्ने, गर्ने ?

सुन्ने, हेर्ने ?

संगै केही कुरा, काम गर्ने ?,.......

अर्थपूर्ण सहभागिता ?

# नीतिगत व्यवस्था: अग्रगामी

- **संविधानको धारा ३९. बालबालिकाको हक**

३. प्रत्येक बालबालिकालाई **प्रारम्भिक बालविकास तथा बालसहभागिताको** हक हुनेछ

- **धारा ५१ : राज्यका नीतिहरू**

(ञ)**५.बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यानदिने**


- **बालबालिका सम्बन्धी ऐन, २०७५**
- **स्थानीय सरकार संचालन ऐन, २०७४,**
- **पन्ध्रौं योजना (२०७७/७८-२०८०/८१),**
- **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८**
- **बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४**
- ………………………

नीतिगत व्यवस्थाको खडेरी होइन, बुझ्ने बुझाउने र कार्यान्वयन गर्ने इच्छाशक्तिमा पो सुख्खा लागेको हो कि ?

सम्वेदनशीलता, सीप र तौर तरिकामा पो जोड दिनु पर्ने हो कि?

# असल अभ्यास: कतै हराउने त होइन ?

- स्थानीय तहमा अनिवार्य बालबालिकाको लागि निश्चित (१० र १५) प्रतिशत विनियोजनको अनिवार्यता
- स्थानीय योजना निर्माणमा बालभेलामार्फत सरोकार संकलन, बालबालिकाको सहभागिता र मान्यता
- स्थानीय बालक्लब संचालन सहजीकरण, सूचीकरण, बालक्लबको क्रियाशिलता
- विद्यालयमा बालसहभागिता
- ......................



TARAK DHITAL, dhitaltarak@gmail.com

**बालसहभागिता भनेको..................**

***वयस्कको भार थाम्ने हैन,***

***बच्चैमा बुढो हुने पनि होइन।***

**<u>बालसहभागिता र बालापन</u>**


**<u>बालसहभागिता Vs कार्यबोझ</u>**

**<u>बालसहभागिता Vs बालबालिकाको सुरक्षा, संरक्षण</u>**

*<u>(छिमेकको बालविवाह रोक्न सकृयलाई दबाव: कि बालक्लब छोड कि घर छोड)</u>*

Tarak Dhital, dhitaltarak@gmail.com

# संघीय संरचनामा बालसहभागिता




# नेपालमा विद्यमान बालसहभागितासम्बन्धी केही सवालहरू

१. बालक्लब तथा सञ्जाल (सामुदायीक विद्यालय केन्द्रित?)
२. स्थानीय तहमा बालसहभागिता
३. प्रदेश तहमा बालसहभागिता
४. संघीय तहमा बालसहभागिता
५. शिक्षण-सिकाइ प्रक्रियामा बालसहभागिता
६. पारिवारिक मामिलामा बालसहभागिता
७. सामुदायीक गतिविधिमा बालसहभागिता

..................................

# बालसहभागिता: वर्तमानका केही आयाम



# दस्तावेजः आवश्यक तर यो नै संपूर्ण होइन र यसको खडेरी पनि परेको छैन

- दस्तावेज सैद्धान्तिक कुराले गह्रुंगो बनाउने कि व्यवहारिक कुराले कार्यान्वयन योग्य बनाउने ?

**व्यवहारिक**

**कार्यान्वयन योग्य**

- दराजको शोभा कि कर्मचारी/ पदाधिकारीका लागि टेवा बनाउने ?

- सरल कार्यविधि छिटो छरितो र काम गर्न सघाउने

**सरल**

# बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहबाट गर्न सकिने केही काम

- १ समग्र बालअधिकारको प्रवर्द्धनका कार्यहरु
  - बालअधिकारका लागि उत्तरदायित्व वहनकर्ता अभिभावक, परिवार, संस्था र निकायहरूको चेतना अभिवृद्धि गर्ने
  - स्थानीय तहमा बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, अद्यावधिक गर्ने तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने, गराउने
  - स्थानीय तहमा बालबालिकाको अधिकार परिपूर्ति गर्न समन्वय तथा सहकार्य गर्ने, गराउने
  - स्थानीय तहमा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम बनाउने र बजेट विनियोजन गर्ने

# २. बालसहभागिता प्रवर्द्धनका लागि केही कार्यहरु:

- १. पालिकातहका औपचारिक **संरचना एवं प्रक्रियाहरूमा बालसहभागिता** सुनिश्चित गर्ने, गराउने
- २. पालिकामा समुदाय तथा विद्यालयमा आधारित **बालक्लब गठन तथा सञ्चालन** गर्ने, गराउने
- ३. पालिकामा गठन तथा सञ्चालनमा आएका **बालक्लबको अभिलेखीकरण** तथा अद्यावधिक गर्ने, **बालक्लबको क्रियाकलापमा** सघाउने, सहजीकरण गर्ने
- ४ पालिकाको **वार्षिक योजना निर्माणमा बालसहभागिता**
- ५. विद्यालय व्यवस्थापन तथा **शिक्षण–सिकाइ प्रक्रियामा बालसहभागिता** बढाउने
- ६. **घरपरिवारको मामिलामा बालसहभागिता** बढाउने
- ७. बालसहभागिताबारे **आम सचेतना** बढाउने
- ८. बालबालिकाका लागि उद्यान, खेलकुद, कला, सिर्जनात्मक क्रियाकलाप
- ……………..

# नियालेर हेर्दा........

# बालबालिका सम्बन्धी ऐन २०७५

अधिकार, दायित्व, कर्तव्य

**बालबालिकाको अधिकार** (दफा ३ देखि १५)

४। **नाम, राष्ट्रियता र पहिचानको अधिकारः**

८। **सहभागिताको अधिकार**र

९। **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार**

१०। **संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार**

११। **गोपनीयताको अधिकार**

१४। **खेलकुद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार**

१५। **शिक्षाको अधिकार**

कार्यान्वयन गर्न केले छेक्यो?



TARAK DHITAL, dhitaltarak@gmail.com

८। **<u>सहभागिताको अधिकार</u>**ः **आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्‍यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ।**

९। **<u>अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार</u>**ः १. प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ।

२. प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ।

१०। **<u>संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार</u>**: १. प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।

२. उपदफा १ बमोजिम बाल क्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

# स्थानीय सरकार संचालन ऐन, २०७४ बाल सहभागिता

| दफा | प्रावधान |
| --- | --- |
| २४ (योजना बनाई कार्यान्वयन गर्ने) | (२) ... योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी ... **बालमैत्री ...** जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ। |
| | (३) ... योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछ:<br>(च) महिला, **बालबालिका** तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, |
| | (५) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा ... **बालबालिका ...** लगायतका सरोकारवालाहरूको अधिकतम **सहभागितामा गर्नु** पर्नेछ। |

TARAK DHITAL, dhitaltarak@gmail.com


# वडा समितिको काम कर्तव्य र अधिकार

| दफा | प्रावधान |
| --- | --- |
| १२(२)(ग) (विकास कार्य) | (१) बाल उद्यानको व्यवस्था गर्ने, |
| | (२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने, |
| | (३) **पुस्तकालय**, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, **बालक्लव** तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने, |
| | (१९) **वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,** |
| | (२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने, |
| | (२९) **वडालाई बालमैत्री बनाउने,** |
| | (३0) वडाभित्र **आर्थिक तथा सामाजिक रुपमा पछि परेका** महिला, **बालबालिका,** दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको **अभिलेख राखी** सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने |
| | (४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा **बालमैत्री शासनजस्ता** प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने, |
| १२(२)(ङ) (सिफारिस तथा प्रमाणित गर्ने) | (२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने, |
| | (२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने, |
| | (३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने, |

TARAK DHITAL, dhitaltarak@gmail.com

| | | | |
|---|---|---|---|
| घ | बाल सहभागिता | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | ९५ प्रतिशत |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | ९५ प्रतिशत |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ। | | १०० प्रतिशत |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ। | | १०० प्रतिशत |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। | | ९० प्रतिशत |
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | | १०० प्रतिशत |

# प्रदेश र संघीय तहमा बालसहभागिता



# प्रदेश र संघीय तहमा बालसहभागिता

- **१. बालसहभागिताको अभ्यास:**
  - उमेरसमुहअनुरुपको बालसहभागिता कार्यान्वयन कार्यविधि
- **२. सचेतना, क्षमता अभिवृद्धि:**
  - बालसहभागिताका तौरतरिका तथा न्यूनतम मापदण्ड समेतका बारेमा सचेतना, समबुझ्ाई, सीप तथा क्षमता अभिवृद्धि
- **३. अध्ययन, अनुसन्धान:**
  - असल अभ्यास, परिणाम (सकारात्मक, नकारात्मक), अवरोध
- **४. परिचालन:**
  - अवधारणागत स्पष्टता र सीप, क्षमता भएका संघसंस्थाहरुको व्यवस्थित परिचालन
- **५. प्रवर्धन:**

# बालसहभागिता प्रवर्धनका लागि केही उदाहरण

- **नीति, योजना निर्माणमा छलफल** तर वास्तविक बालमैत्री ढंगमा

*"We do not understand the language the adults speak, we cannot pitch the idea … their talks and meetings are so boring" (Study on children's participation in EU political and democratic life, 2020)*

- **असल अभ्यासहरुको अभिलेख** र विस्तार एवम् पुरस्कृत, प्रोत्साहन
- प्रत्येक **दुई वर्षमा बाल सम्मेलन र दुई वर्षका लागि अभियान**
- बालबालिकाको **सिर्जनात्मक सम्लग्नता** (Creative Engagement)
- बालबालिकाको लागि **बहुआयामिक श्रोत केन्द्र**
- बालबालिकाको लागि **बालअधिकार सम्मत र बालआकर्षणयुक्त** पुस्तक, टीभी कार्यक्रम, कार्टुन, सिनेमा, गीत, कला, खेलकुद, विज्ञान प्रविधि,…. आदी

- सामुदायिक तथा नीजी विद्यालयमा **बालक्लबको गठन** तथा सबै बालक्लबमा  समतामूलक समावेशीता
- बालबालिकाको क्षमता, सिर्जनशिलता अभिवृद्धिका लागि नियमित तथा आवधिक रुपमा **राष्ट्रिय कार्यक्रम तथा अभियानहरु**
- प्रविधिको विकास संगै बालसहभागिताका नयाँ स्वरुपहरुलाई बालअधिकार सम्मत बनाउन **इन्टरनेटको सुरक्षित प्रयोगका** साथै 'डिजीटल डिभाइस'लाई सुरक्षितरुपमा बालसहभागिताका गतिविधिमा समायोजन ।
- **संचार माध्यममा बालसहभागितालाई बालअधिकारसम्मत बनाउन** संचारमाध्यमका लागि स्पष्ट मापदण्ड निर्माण तथा विज्ञापन, सिनेमा, टीभी कार्यक्रम, रेडियो कार्यक्रम, गीत, प्रहर्सन लगायत नवसंचार माध्यम ( अनलाइनमा आधारित जस्तै यूट्यूब, टीकटक, फेसबुक, अन्य सामाजिक संजाल, अनलाइन पत्रिका आदी)मा भैरहेको बालबालिकाको गलत प्रयोगलाई नियन्त्रण तथा अनुगमन

- बालबालिकासंग प्रत्यक्ष सम्बन्धित सबै **निकाय तथा संस्थाहरुमा बाल सल्लाहकार समुहको** अनिवार्य व्यवस्था ।
- बालसहभागिता मार्फत उत्कृष्ट योगदान पुऱ्याउने **बालबालिका, बालक्लब तथा संस्थालाई राष्ट्रिय सम्मान ।**
- बालबालिकाले कुनै पनि राष्ट्रिय लगायत आफ्नो सरोकारका विषयमा **आफ्ना धारणाहरु राख्न सक्ने सजिलो सम्यन्त्र** (जस्तै, राष्ट्रिय बालअधिकार परिषदमा चिठ्ठी, टेलिफोन तथा इन्टरनेटका विभिन्न माध्यमबाट उपलब्ध गराउन सकिने) र सोमा आएका विषयहरुको संवोधन गर्ने व्यवस्था ।

- **सिमान्तकृत बालबालिकाको लागि प्राथमिकता** र उनीहरुको **जीवनस्तर उकास्न सहयोग**

# केही सरोकारका विषय

बाल सहभागिताः

- बयस्कका एजेन्डा, बालबालिकाका मुख होइन ।
- परियोजनाको एउटा गतिविधि होइन, यो त एक कार्यसिद्धान्त हो, यसलाई सबैले मान्यता दिनुपर्छ ।
- जीवन उपयोगी सीप विकास गर्ने र आत्म सुरक्षा बढाउने माध्यम हो ।

- बाल सहभागिता र सुशासन *(नीति, योजना निर्माण, कार्यान्वयन, .....)*
- बालसहभागिता र बालअधिकार प्रवर्धन
- बालसहभागिता र सुरक्षा तथा संरक्षण
- बालसहभागिता र सिर्जनात्मक क्षमता विकास
  - सही मार्गदर्शन Vs उपयोग, विकृति
  - टीकटक, गीत, सिनेमा, विज्ञापन, विविध कार्यक्रम,......
  - बाल साहित्य, बाल गीत, मनोरन्जन, कार्टुन, सिनेमा, सिरियल
  - खेलकुद, विज्ञान प्रविधि, कला,.........

# सम्झनै पर्ने केही कुरा.........

- बयस्कले बालबालिकाका लागि बोल्न आफैलाई पर्याप्त ठान्नु हुँदैन, उनीहरुका कुरा सुन्नु पर्छ,
- वयस्कका अनुमान र बालबालिकाको वास्तविकता मेल नखान सक्छ
- वयस्क भन्दा फरक अनुभव, ज्ञान, विचार बालबालिकामा हुन्छ


*(उदाहरण: घाँसे मैदान Vs ढलान, कल्भर्ट Vs छाना)*

# बाल सहभागिता

- स्थानीय देखि संघीय स्तरसम्म

‘छैन भनम् धेरै नै छ, छ भनम् खै के खै के जस्तो?

अपेक्षा बढी हो कि सीप र सम्बेदनशीलता कमी हो?



# नीति बनायौं सुधार गर्‍यौं, कदम अगाडी बढ्यो सोच र व्यवहार बदल्न मिहिनेत अझै बाँकी रह्यो

- बालसहभागिता र सशक्तिकरण
  - नकारात्मक सशक्तिकरण, नीहित स्वार्थका लागि उकास्ने, दुरुपयोग गर्ने

“जति गर्‍यो विरोध र गाली,

उति पाउने ताली,


अनि त, भै हालियो नि सबै भन्दा माथि”

## .........र अब अन्त्यमा,

# हामीले हाम्रो एजेन्डामा मात्रै हिडाउने कि बालबालिकाको शैक्षिक विकास/ व्यक्तित्व विकास/क्षमता विकास र संरक्षणमा पनि ध्यान दिने?



# धन्यवाद !




TARAK DHITAL, dhitaltarak@gmail.com